विधेयक संख्याः

www.kanchanmun.gov.np

# विनियोजन विधेयक

## २०७६

## कञ्चन गाउँपालिका

## गाउँ कार्यपालिका कार्यालय

# उद्देश्य र कारण

आर्थिक बर्ष २०७६/०७७ को सेवा र कार्यहरुको लागि स्थानिय सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले प्रस्तुत विधेयक पेश गर्नु परेको हो।

प्रस्तुत विधेयकले स्थानिय सञ्चित कोषबाट खर्च गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गर्न सक्ने व्यवस्था गरेकोछ।

द्रष्टव्यः यो विधेयक अर्थ विधेयक हुनेछ।

गोमा तरामु
उपाध्यक्ष
कञ्चन गाउँपालिका

# आर्थिक बर्ष २०७६/०७७ को सेवा र कार्यहरुको लागि स्थानिय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक

प्रस्तावनाः आर्थिक बर्ष २०७६/०७७ को सेवा र कार्यहरुको लागि स्थानिय सञ्चित कोष माथि व्ययभार हुने रकम विनियोजन गर्ने र सो रकम खर्च गर्ने अधिकार दिन आवश्यक भएकोले उस गाउँ सभा समक्ष यो ऐन पेश गरेको छु।

**१. संक्षिप्त नाम र प्रारम्भः**(१) यस ऐनको नाम "विनियोजन ऐन २०७६" रहेको छ ।

(२) यो ऐन सम्वत् २०७६ साल साउन १ गतेदेखि लागु हुनेछ ।

**२. आर्थिक बर्ष २०७६/०७७ को निमित्त स्थानिय सञ्चित कोषबाट खर्च गर्ने अधिकारः** आर्थिक बर्ष २०७६/७७ को निमित्त अनुसूची मा उल्लेख भए बमोजिम स्थानिय सञ्चित कोषमाथि व्ययभार हुने रकम बाहेक अनुसूचीमा उल्लिखित चालू खर्च र अनुसुचीमा उल्लिखित पूँजीगत खर्च गरि जम्मा रकम रु ५८३२९१०००। अक्षरेपी ५८ करोड ३२ लाख ९१ हजार मात्र मा नबढाई निर्दिष्ट गरिए बमोजिम स्थानिय सञ्चीत कोषबाट खर्च गर्न सकिनेछ ।

**३. विनियोजनः**(१)यस ऐनद्वारा स्थानिय सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक बर्ष २०७६/०७७ को निमित्त अनुसूचीमा उल्लिखित कार्यहरुको निमित्त बजेट विनियोजन गरिनेछ।

(२) उपदफा (१) बमोजिम अनुसूचीको विभिन्न शिर्षकमा सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकममध्ये कुनै शिर्षकमा बचत हुने र कुनै शिर्षकमा नपुग हुने देखिन आएमा कार्यपालिका बैठकले बचत हुने शिर्षकबाट नपुग हुने शिर्षकमा रकम सार्न सक्नेछ ।

(३)उपदफा (२) बमोजिम रकम सार्दा जम्मा रकमको दश प्रतिशतमा नबढ्ने गरि कुनै एक वा एकभन्दा बढि शिर्षकबाट अर्को एक वा एकभन्दा बढि शिर्षकमा रकम सार्न तथा निकासा र खर्च जनाउन र चालु तथा पूँजीगत खर्च र वित्तिय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ।

तर,

(क) एउटै शिर्षकको बजेट शीर्षक/उपशीर्षकहरुमा रकमान्तर गर्दा जतिसुकै रकम रकमान्तर गर्न सकिनेछ ।

(४) समपुरक कोष वापत छुट्याइएको रकम सोही शिर्षकमा खर्च हुन नसक्ने भएमा गाउँ कार्यपालिकाको बैठकको निर्णय अनुसार खर्च गर्न सकिने छ ।

**<u>६. वित्तिय अनुशासन सम्बन्धी व्यवस्थाः</u>**(१)यस गाउँपालिकाले उठाएको राजश्व र यस ऐन बमोजिम प्राप्त गरेको अनुदान लगायतका बजेट बक्तब्य संगै आउने अनुसुचि अनुसारका चालु र पुँजिगत शिर्षक र उप शिर्षकहरुमा खर्च गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम खर्च गर्दा देहायका कुराहरु पालना हुने गरि गरिने छ ।

क. संघिय सरकारको आर्थिक र वित्तिय निति अनुशरण गर्ने ।

ख. सबै आय आफ्नै सञ्चित कोषमा दाखिला गर्ने ।

ग.अनुदानको रकम जुन प्रयोजनका लागि प्राप्त भएको हो सोही प्रयोजनका लागि प्रयोग गर्ने ।

घ. पुँजीगत खर्चको रुपमा विनियोजन भएको रकम चालु खर्चमा रकमान्तर नगर्ने ।

ङ. आय व्ययको वर्गीकरण तथा लेखाङ्कन संघिय सरकारले निर्धारण गरे बमोजिम राख्ने ।

**<u>७. अख्तियारी तथा कार्यक्रम स्वीकृति सम्बन्धी व्यवस्थाः</u>**(१) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भएतापनि विनियोजन भएको रकम प्रचलित कानूनको अधिनमा रहि खर्च गर्ने अख्तियारी यो ऐन प्ररम्भ भएको दिनदेखि अधिकार प्राप्त अधिकारीलाई प्रदान गरिनेछ ।

(२) उपदफा (१) बमोजिम खर्च गर्ने अधिकारीको आधारमा कोष तथा लेखा नियन्त्रक कार्यालयले गाउँपालिकालाई अनुदान तथा अन्य विनियोजित भएको रकम निकासा दिनेछ ।

**<u>८. कार्यविधि तथा मापदण्ड बनाउन सक्नेः</u>**(१) यस ऐनको कार्यान्वयन गर्न कञ्चन गाउँपालिकाले आवश्यक कार्यविधि तथा मापदण्ड बनाइ लागु गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको कार्यविधि तथा मापदण्ड कञ्चन राजपत्रमा प्रकाशन गरिनेछ ।

**<u>९. आदेश जारी गर्न सक्नेः</u>**(१) यस ऐनको कार्यान्वयन गर्दा कुनै बाधा उत्पन्न भएमा कञ्चन गाउँपालिकाले आदेश जारी गरी आवश्यक व्यवस्था गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको आदेश कञ्चन राजपत्रमा प्रकाशन गरिनेछ ।